नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

का.म.न.पा. वडा नं.२२, धर्मपथ, काठमाडौं
www.nepalbank.com.np

## नेपाल बैंक लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७७/०६/०२ गते)**

यस बैंकको सञ्चालक समितिको मिति २०७७/०५/२५ गते बिहीबार बसेको सातौं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल र निर्णयका लागि **भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting)** मार्फत बैंकको विशेष साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको सहभागिताका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**१. विशेष साधारण सभा हुने मिति, स्थान र समयः**

| | | |
|---|---|---|
| मिति | : | २०७७ आश्विन १९ गते सोमबार |
| स्थान | : | बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट। सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावहरूलाई **Zoom ID/Passcode** उपलब्ध गराइनेछ। |
| समय | : | दिनको ११:०० बजे |

**२. छलफलका विषयहरू :**

**क. विशेष प्रस्तावहरूः**

१) यस बैंकको सञ्चालक समितिमा सञ्चालकको प्रतिनिधित्व सम्बन्धी साविकको व्यवस्थामा परिवर्तन गरी नेपाल सरकारबाट मनोनित हुने ४ (चार) जना सञ्चालकबाट घटाई ३ (तीन) र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालकबाट बृद्धि गरी ३ (तीन) कायम गर्न नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने। साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल अद्यावधिक गर्नुपर्ने भएकोले संलग्न तीन महले प्रस्ताव बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीका अन्य व्यवस्थामा संशोधन/थपघट गर्ने।

२) बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**सञ्चालक समितिको आज्ञाले**
**केशव प्रसाद भण्डारी**
**कम्पनी सचिव**

## विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विशेष साधारण सभा प्रयोजनको निमित्त मिति २०७७/०६/०८ गते शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०६/०७ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरूले मात्र विशेष साधारण सभामा सहभागी भई निर्णय प्रकृयामा भाग लिन सक्नुहुनेछ।

२. कोरोना भाइरस (Covid-19) महामारीको जोखिमका साथै नेपाल सरकारको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्नुपर्ने भएकोले विशेष साधारण सभा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत गरिने भएकोले शेयरधनी महानुभावहरूलाई भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिन अनुरोध छ।

३. भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले sgm@nbl.com.np मा इमेल गरी वा ०१-४२२२३७१ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ। भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीहरूलाई Meeting ID/ Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाइनेछ।

४. सभामा सहभागी हुन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा हितग्राही (DMAT) खाता खोलिएको प्रमाण/हितग्राही (DMAT) खाता नं/शेयर कित्ता संख्या तथा फोटो सहितको कुनै परिचयपत्र अनिवार्यरुपमा साथमा लिई सहभागी हुनु पर्नेछ।

५. सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ। उक्त १ घण्टाको समयभित्र सभामा सहभागी शेयरधनीहरूले दिइएको Zoom ID र Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर कित्ता संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ। शेयरधनी महानुभावहरूले Chat Box बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ। शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पूरा भए पश्चात सभाको कारबाही अगाडि बढाइनेछ।

६. विशेष साधारण सभा सम्बन्धी कागजातहरू निरीक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समयभित्र केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ। त्यस्ता कागजात बैंकको वेबसाइट www.nepalbank.com.np बाट समेत प्राप्त गर्न सकिनेछ।

७. सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। प्रोक्सी नियुक्ति गर्दा बैंकका शेयरधनीहरूलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ। एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ।

८. सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाडौंमा दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ। प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी स्वयम् सभामा सहभागी भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

९. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत नियुक्त प्रतिनिधिले मात्र सभामा सहभागी हुन पाउनेछन्।

१०. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा सहभागी हुन तथा प्रतिनिधि नियुक्त गर्न सक्नेछन्।

११. संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नु पर्नेछ।

१२. विशेष साधारण सभाका सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध छ।